दफा १८ को उपदफा (६) संग सम्बन्धित
कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित
(शेयरहरुमा सिमित दायित्व भएको)

# बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेड

## प्रबन्धपत्र, २०७४

१. कम्पनीको नाम: यस कम्पनीको नाम "बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेड" हुने छ, जसलाई अंग्रेजीमा "Betan Karnali Sanchayakarta Hydropower Company Limited" भनिने छ। जसलाई यस पछि "कम्पनी" भनी सम्बोधन गरिने छ।

२. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना: कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा ३, पुल्चोकमा रहनेछ। कम्पनीको आयोजना कार्यालय र आवश्यकता अनुसार सम्वन्धित निकायबाट स्वीकृति लिई अन्य स्थानमा समेत शाखा उपशाखा खोल्न वा सार्न सकिने छ।

३. कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति: यस कम्पनीले गर्ने व्यवसाय जलविद्युत उत्पादन गरी बिकी वितरण गर्ने सम्बन्धी हुने छ।

४. कम्पनीको उद्येश्य :

(१) यस कम्पनीको बेतन कर्णाली जलविद्युत आयोजना लगायतका अन्य जलविद्युत आयोजना निर्माणका लागि जलविद्युत आयोजनाहरुको पहिचान गरी प्रचलित कानूनबमोजिम अनुमति प्राप्त गरी सर्वेक्षण, निमार्ण, उत्पादन, सञ्चालन र व्यवस्थापन गर्ने तथा आयोजनाबाट उत्पादित विद्युत शक्ति देशीय तथा अन्तरदेशीय विद्युत प्रणालीसंग जोडी बिकी वितरण गर्ने हुने छ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उदेश्य प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त गरी मात्र कार्यान्वियन गर्ने छ।

(३) उपदफा (१) मा उल्लेखित उद्येश्यहरुको कार्यान्वयन सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध (१५) दिन भित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कम्पनी रजिष्ट्रारको कार्यालय (यसपछि कार्यालय भनिएको) मा पेश गरिने छ।

५ कम्पनीको उद्येश्य प्राप्त गर्न गरिने कामहरु : यस कम्पनीले दफा ४ बमोजिमका उद्येश्य प्राप्त गर्न देहायका कामहरु गर्ने छ :-

(१) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने।
(२) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने।
(३) कम्पनीको नाममा बैंक खाता खोल्ने र सञ्चालन गर्ने।
(४) नेपाल भित्र कम्पनीको शाखा कार्यालय स्थापना गर्नु परेमा गर्ने।
(५) कम्पनीलाई आवश्यक पर्ने रकम नेपाल सरकार, बहुपक्षिय तथा क्षेत्रिय तहका वित्तिय संस्थाहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय बैंक वा वित्तीय संस्था वा अन्य कुनै बित्तिय कारोबार गर्ने लगानी कम्पनीबाट कम्पनीले कुनै धितो राखी वा नराखी कर्जा लिने।
(६) कम्पनीलाई आवश्यक पर्ने रकम जुटाउन प्रचलित कानुनको अधिनमा रही कम्पनीको नाममा अग्राधिकार शेयर, बण्ड, डिवेन्चर, परिबर्तिय बित्तिय उपकरणहरु वा उर्जा ऋणपत्र जारी गरी ऋण उठाउने।

(७) कम्पनीको उद्येश्य प्राप्तिको लागि विवरणपत्र प्रकाशित गरी कम्पनीको शेयर सर्वसाधारण तथा आयोजना प्रभाबित क्षेत्रका बासिन्दालाई बिकि बितरण गर्ने ।

(८) कम्पनीको सम्पति आवश्यकता अनुसार भाडा, पट्टा, (लिज) वा अन्य कुनै तरिकाबाट उपभोग गर्न दिने वा हक हस्तान्तरण गरी बिकि बितरण गर्ने ।

(९) कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेशिनरी, भवन लगायत सबै प्रकारका सम्पत्तिहरुको आवश्यकतानुसार बीमा गराउने ।

(१०) प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त गरी मुलुकमा उपलब्ध जलस्रोत उपयोग गरी जलविद्युत आयोजना निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने र उक्त आयोजनबाट उत्पादित विद्युत विक्री गर्ने ।

(११) सम्भाव्य जलविद्युत आयोजनाको पहिचान गरी अनुमतिपत्र प्राप्त गरी सर्वेक्षण, निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने र ती आयोजनाहरुबाट उत्पादित विद्युत शक्ति विक्री गर्ने ।

(१२) विभिन्न जलविद्युत आयोजनाहरुको सर्वेक्षण, निर्माण, सञ्चालन र व्यवस्थापन गर्न अन्य कम्पनीसग मिली लगानी गर्ने वा नयाँ कम्पनी स्थापना गरी सो कार्य गर्ने ।

(१३) आयोजनाको सम्भाव्यता, सर्वेक्षण, निर्माण आदिको लागि आवश्यकता अनुसार परामर्शदाता, ठेकेदार तथा आपूर्तिकर्ता नियुक्त गर्ने गराउने ।

(१४) उत्पादिन विद्युत शक्ति विक्री वितरणका निमित्त आवश्यकता अनुसार सवस्टेशन तथा प्रशारण लाईनहरु निर्माण गर्ने र देशीय तथा अन्तरदेशीय प्रशारण प्रणालीसँग जोडी विक्री वितरण गर्न आवश्यक व्यवस्था गर्ने ।

(१५) उत्पादिन जलविद्युत शक्ति नेपाल सरकार वा कुनै संगठित संस्थालाई एकमुष्ठ विक्री गर्ने वा प्रचलित कानूको अधिनमा रही आफ्नै प्रशारण लाइन विकास गरी वा अन्य निकायको प्रशारण लाईन प्रयोग गरी उपभोक्ताहरुलाई विक्री वितरण गर्ने ।

(१६) उत्पादित विद्युत नेपाल सरकार वा अन्य कुनै संगठित संस्थालाई एकमुष्ठ वा आंशिक विक्री गर्ने सम्बन्धमा सम्झौता गर्ने वा अन्य काम गर्ने ।

(१७) प्रचलित कानून बमोजिम स्वीकृति लिई उत्पादित जलविद्युत विदेशमा निर्यात गर्ने ।

(१८) कम्पनीको उद्येश्य प्राप्तिको लागि सहायक कम्पनीको स्थापना र सञ्चालन गरी लगानी गर्ने, संगठित संस्थाहरुको शेयर पूँजीमा लगानी गर्ने तथा संगठित संस्था वा उद्योगहरुको प्रवर्धन र विकास गर्ने ।

(१९) विद्युत आयोजना सञ्चालन हुने जिल्लाहरुमा वा आयोजना प्रभावित क्षेत्रमा सामाजिक आर्थिक विकासको कामहरु गर्ने ।

(२०) कम्पनीको व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने अन्य सबै प्रकारका कार्यहरु गर्ने ।

६. **<u>कम्पनीको पूँजीको संरचना :</u>** कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

(१) कम्पनीको अधिकृत पूंजी रू. २०,००,००,००,०००/- (अक्षरेपी वीस अरब) हुनेछ । सो पूँजीलाई रु. १००/- (एक सय रुपैयाँ) दरका २० करोड थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(२) कम्पनीको तत्काल जारी पूजी रू. १०,००,००,००,०००/- (अक्षरेपी दश अर्व) हुनेछ । सो पूँजीलाई रु.१००/- (एक सय रुपैया) दरका १० करोड थान साधारण पुँजी शेयरमा विभाजन गरिएको छ ।

(३) सस्थापक शेयरधनीहरुलाई समुह क१ र क२ मा बर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ७५ प्रतिशत हुनेछ । यो समूहमा निम्न लिखित शेयरधनी रहनेछन् ।

| क्रं. सं. | संस्थापकको नाम | स्वामित्व प्रतिशत | लिन कबूल गरेको शेयर संख्या (कित्ता) | तत्काल चुक्ता गरेको शेयर संख्या (कित्ता) |
|---|---|---|---|---|
| | समूह "क१" | | | |
| १. | कर्मचारी सञ्चय कोष | १५ | ३०,०००,००० | |
| २. | नेपाल विद्युत प्राधिकरण | १० | २०,०००,००० | |
| ३ | विद्युत उत्पादन कम्पनी | १० | २०,०००,००० | |
| | समूह "क२" | | | |
| ५. | कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताहरुका तर्फबाट कर्मचारी सञ्चय कोष | ४० | ८०,०००,००० | |
| | **जम्मा** | **७५** | **१५०,०००,०००** | |

(४) सर्बसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयर धनीलाई समूह (ख) मा बर्गीकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको २५ प्रतिशत हुनेछ । यो समूहलाई देहायबमोजिम ३ वटा उपसमूहमा बिभाजन गरिएको छ :

| क्रं. सं. | उपसमूहको नाम | प्रतिशत | छुट्याईएको शेयर संख्या (कित्ता) |
|---|---|---|---|
| १. | सर्वसाधारण नागरिक | १३ | २६,०००,००० |
| २. | आयोजनाहरु प्रभावित जिल्लाका स्थानीय बासिन्दा | १० | २०,०००,००० |
| ३ | अति विपन्न परिवार | २ | ४,०००,००० |
| | **जम्मा** | **२५** | **५०,०००,०००** |

अति विपन्न परिवारको परिभाषा नेपाल सरकारले परिभाषित गरिदिए बमोजिम हुनेछ । यदि कम्पनीले सर्वसाधारण शेयर निष्काशन गर्दाको बखतसम्म नेपाल सरकारबाट विपन्न परिवारको परिभाषा हुन नसकेको खण्डमा अति विपन्न परिवार लाई छुट्याइएको शेयर सर्वसाधारण नेपाली नागरिकलाई छुट्याइएको शेयरमा थप गरी सार्वजनिक निष्काशन गरिने छ।

(५) जुन समूह, उपसमूहको शेयर खरिद गरेको हो सो खरिद गर्ने ब्यक्ति/संस्था/निकायलाई सोही समुह, उपसमूहमा राखिने छ।

(६) प्रचलित कानूनको अधीनमा रही कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्ने छ।

७. **कम्पनीको शेयरको किसिम** : कम्पनीले दुई किसिमको शेयरको व्यवस्था गरेको छ।

(१) साधारण शेयर: कम्पनीको २० करोड शेयर संख्या हुनेछ । साधारण शेयरको अंकित मूल्य १०० (एक सय) रुपैंयां हुने छ।

(२) अग्राधिकार शेयर: कम्पनीले आवश्यकता अनुसार साधारन शेयरमा परिणत हुन सक्ने गरी वा हुन नसक्ने गरी अग्राधिकार शेयर जारी गरी पूँजी परिचालन गर्न सक्नेछ । अग्राधिकार शेयर धनीको हक अधिकार तथा बन्देजहरु उक्त शेयर जारी गर्ने बखतमा प्रकाशित गरिने विस्तृत विवरण पत्रमा उल्लेख गरिए बमोजिम हुनेछ ।

८. **शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा :**

(१) कम्पनीले आयोजनाको निर्माण तथा सञ्चालन गर्ने क्रममा कम्पनी ऐन, २०६३ को अधिनमा रही अधिकृत पूँजी तथा जारी पूँजी बृद्धि गर्न र साधारण शेयर बिक्री गरी पूँजी उठाउन सक्नेछ । तर त्यसरी शेयर बिक्री गर्दा दफा ६ को (५) बमोजिम जारी पूँजीको १३ प्रतिशत सर्वसाधारण नागरिक, १० प्रतिशत आयोजनाहरुबाट प्रभावित जिल्लाका स्थानीय बासिन्दा र २ प्रतिशत नेपालभरका अति बिपन्न परिवारका निमित्त सुरक्षित गरिने छ ।

(२) कम्पनीले प्रचलित कानूनको अधीनमा रही आफ्नो शेयर व्यक्ति, फर्म वा संगठित संस्थालाई बिक्री गर्न सक्नेछ ।

तर संस्थापक शेयर धनीले शेयर बिक्री गर्दा जुन समूहको शेयर बिक्री गरेको हो सो समूहका अन्य शेयर धनीले शेयर खरिद गर्न ईच्छा व्यक्त गरे सम्म अन्य व्यक्तिलाई बिक्री गर्न सकिने छैन ।

(३) कम्पनीको शेयर चल सम्पति सरह प्रचलित कानूनको अधीनमा रही खरिद बिक्री वा हक हस्तान्तरण गर्न सकिने छ ।

(४) र्सवसाधारणमा शेयर जारी गरेपछि शेयर सूचीकरण गराई प्रचलित कानून बमोजिम धितोपत्र बजार मार्फत कारोबार हुने व्यवस्था मिलाइने छ ।

९. **शेयरको रकम भुक्तानीका शर्तहरु :** शेयरको रकम भुक्तानी सम्बन्धी शर्तहरु देहाय बमोजिम हुने छ :

(१) कम्पनीले आफ्नो आवश्यकता अनुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर बापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्ने छ ।

(२) कम्पनीले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्ने छ ।

(३) शेयर बापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समय अवधि भित्र बुझाउने थप म्याद माग गर्ने र कम्पनीले म्याद दिने जस्ता कुराहरु नियमावलीमा उल्लेख भए बमोजिम हुने छ ।

१०. **दायित्व सीमित हुने:** यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

११. **अन्य आवश्यक कुराहरु :**

(१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नु पर्नेछ ।

(२) संस्थापक वा अन्य कुनै व्यक्तिले शेयरको रकम नगदमा नै कम्पनीको बैक खातामा जम्मा गरी बुझाउनु पर्नेछ ।

(३) कम्पनीले कारोबार शुरु गर्दाको बखतमा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन ।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने व्यबस्था गरिएको छैन ।

(५) कम्पनीको काम कारवाहीको लागि कम्पनीको आफ्नो एउटा छुट्टै छाप हुनेछ र कम्पनीको तर्फबाट तयार पारिने कुनैपनि कागजमा सोही छापले प्रमाणित गरिने छ ।

(६) समूह (ख) अन्तर्गत आयोजना प्रभावित जिल्लाका बासिन्दा तथा अति बिपन्न परिवार लाई जारी गरिएको शेयर प्रचलित कानून बमोजिम बिक्री गर्न बन्देज लाग्नेछ ।

१२. कम्पनीको प्रकृति अनुरुप अन्य थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने: अन्य व्यवस्था गर्न आवश्यक नभएको ।

१३. प्रबन्धपत्र संशोधन भएमा लागू हुने अवस्था: यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ ।

१४. प्रबन्धपत्र बाझिएको हदसम्म अमान्य हुने: यस प्रबन्धपत्रमा लेखिएका कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: बदर हुनेछ ।

१५. संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषन:

हामी बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेड का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छ भनी सहिछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकता प्रमाण पत्र नं र नागरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी न. | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, वतन र सहिछाप | साक्षीको नागरिकता प्रमाण पत्र नं र जिल्ला |
|---|---|---|---|---|---|
| सहि :<br>कर्मचारी सञ्चय कोषको तर्फबाट अधिकार प्राप्त प्रशासक श्री कृष्ण प्रसाद आचार्य<br>ठेगाना :- ललितपुर महानगरपालिका वडानं.३, पुल्चोक, ललितपुर ।<br>फोन नं. :- ५०१०१६५<br>पो.व.नं. :- जीपीओ ११८०<br>इमेल :-<br><br>छाप | ........................... | | ३०,०००,००० थान कित्ता | दस्तखत:-<br><br>नाम :- श्री राजेन्द्र काफ्ले (का.मु.मुख्य अधिकृत)<br><br>दा. वा. | |
| सहि : | | ........................... | | दस्तखत:- | ........................... |

| | | | | | |
|---|---|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरणको तर्फबाट अधिकार प्राप्त कार्यकारी निर्देशक श्री कुलमान घिसिङ,<br><br>ठेगाना :- काठमाण्डौ महानगरपालिका वडा नं. दरवारमार्ग, काठमाण्डौ<br>फोन नं. :- ४१५३००७<br>फ्याक्स :- ४१५३००९<br>पो.व.नं. :-<br>इमेल :-<br><br>छाप | | | २०,०००,००० थान कित्ता | नाम :- शिवकुमार अधिकारी<br>ठेगाना :- [illegible]<br><br>दा.<br><br>वा. | |
| सहि : | | | | | |
| विद्युत उत्पादन कम्पनी लिमिटेडको तर्फबाट अधिकार प्राप्त प्रवन्ध सञ्चालक श्री मोहनराज पन्त काठमाण्डौ महानगर पालिका वडा नं.१०, थापागाउँ, काठमाण्डौ<br>फोन नं. :-<br>फ्याक्स :-<br>पो.व.नं. :-<br>इमेल :-<br><br>छाप | | | २०,०००,००० थान कित्ता | दस्तखत:–<br>नाम :- [illegible]<br>ठेगाना :- [illegible]<br><br>दा. वा. | |
| सहि : | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ताको तर्फबाट कर्मचारी सञ्चय कोषका अधिकार प्राप्त प्रशासक श्री कृष्ण प्रसाद आचार्य<br><br>ठेगाना :- ललितपुर महानगरपालिका वडानं.३, पुल्चोक, ललितपुर ।<br>फोन नं. :- ५०१०१६५<br>पो.व.नं. :- जीपीओ ११८०<br>इमेल :-<br><br>छाप | | | ८०,०००,००० थान कित्ता | दस्तखत:–<br><br>नाम :- श्री दीपक रौनियार (का.मु.मुख्य अधिकृत)<br><br>दा. वा. | |